# रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्ड : संख्या: प्रकाशित मितिः २०७७/१२/०४

**भाग-**

## व्यवसाय दर्ता तथा नविकरण कार्यविधि , २०७७

# व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि

# २०७७

**प्रस्तावना :**

रोङ गाउँपालिका क्षेत्र भित्र सञ्चालित एवं सञ्चालन हुने विभिन्न व्यवसायिक गतिविधिहरुलाई कानुनी दायरामा ल्याउन, व्यवसाय सञ्चालन मार्फत गाउँपालिकाको आन्तरिक आम्दानीलाई समेत टेवा पुऱ्याउन, स्वच्छ, मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रबर्द्धन मार्फत उपभोक्ताको हित संरक्षण गर्न अनि स्थानीय सरकार र आम व्यवसायीहरुबीच सुमधुर सम्बन्ध स्थापित गर्दै साझेदारीमा आधारित विकासलाई अगाडी बढाउन बाञ्छनिय भएकोले रोङ गाउँपालिकाद्वारा यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "रोङ गाउँपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि-२०७७" रहनेछ ।

(ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-**

(क) "कार्यालय" भन्नाले रोङ गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ख) "शाखा" भन्नाले यस रोङ गाउँपालिकामा रहेका सम्बन्धित विषयगत शाखा सम्झनु पर्दछ ।

(ग) "वडा कार्यालय" भन्नाले यस रोङ गाउँपालिका अन्तर्गतका ६ वटा वडा कार्यालयहरु सम्झनु पर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले यस रोङ गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले यस रोङ गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(च) "कार्यपालिका सदस्य" भन्नाले यस रोङ गाउँपालिकाको कार्यपालिका सदस्यहरुलाई सम्झनु पर्नेछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस रोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्नेछ ।

(ज) "वडा अध्यक्ष" भन्नाले यस रोङ गाउँपालिका का ६ वटै वडाका वडाध्यक्ष सम्झनु पर्नेछ ।

(झ) “वडा समिति” भन्नाले यस रोङ गाउँपालिकाको ६ वटै वडाको समितिहरु सम्झनु पर्नेछ ।

(ञ) “वडा सचिव” भन्नाले यस रोङ गाउँपालिकाको वडा कार्यालयमा कार्यरत वडा सचिव सम्झनु पर्नेछ ।

(ट) “व्यवसायी” भन्नाले यस रोङ गाउँपालिका भित्रका सम्बन्धित व्यवसायी, व्यक्ति वा संस्था सम्झनु पर्नेछ ।

(ठ) “कार्यविधि” भन्नाले व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि- २०७७ सम्झनु पर्नेछ ।

३. **क्षेत्र :** यस रोङ गाउँपालिका क्षेत्र भित्रका सबै व्यवसायीहरुलाई यस कार्यविधिले समेट्नेछ ।

४. **विषयगत क्षेत्र :** विषयगत क्षेत्र अन्तर्गत करका दायरा भित्र देहायका क्षेत्रहरु पर्नेछन् ।

(क) दैनिक उपभोग्य सामाग्रीहरु (खाद्यान्न, लत्ता कपडा, जुत्ता चप्पल)

(ख) होटल व्यवसाय

(ग) पशुपालन फर्म

(घ) नर्सरी

(ङ) उद्योग तथा कल कारखाना

(च) कृषि फर्म

(छ) औषधी पसल

(ज) उत्पादनमूलक उद्योग

(झ) सेवा उद्योग

(ञ) निर्माणजन्य सामाग्री

(ट) विद्युतीय सामाग्री

(ठ) अन्य

## परिच्छेद-२

## व्यवसाय दर्ता सम्बन्धी व्यवस्था

५. **व्यवसाय दर्ता प्रकृया**

(१) **व्यवसाय दर्ता गर्नुपर्ने :** प्रत्येक व्यवसायीले गाउँपालिकाको वडा कार्यालयमा आ-आफ्नो व्यवसाय अनिवार्य दर्ता गर्नुपर्नेछ ।

(२) **सूचना प्रकाशन गरिने :** व्यवसाय दर्ताको लागि स्थानीय संचार माध्यमबाट सूचना प्रकाशन गरिनेछ ।

(३) **तोकिएको समय भित्र व्यवसाय दर्ता गर्नेपर्ने :** हाल संचालनमा रहेका सम्पूर्ण व्यवसायीले असार मसान्त सम्ममा अनिवार्य दर्ता गरिसक्नु पर्नेछ । साथै नयाँ

व्यवसाय संचालन गर्ने व्यवसायीले व्यवसाय संचालन गरेको मितिले १ (एक) महिना भित्र अनिवार्य आफ्नो व्यवसाय दर्ता गरिसक्नु पर्नेछ ।

(४) व्यवसाय दर्ता गरी सञ्चालन गर्नु भएका दर्ता भएको ६ महिना भित्रमा व्यवसाय शुरु गरि सक्नु पर्नेछ ।

**६. दर्ताका लागि आवश्यक कागजातहरु :**

व्यवसाय दर्ताका लागि व्यवसायीले देहायका कागजातहरु सहित अनुसूची-१ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको वडा कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

(१) नागरिकता प्रमाण पत्रको प्रतिलिपी

(२) हालसाथै खिचेको २ प्रति फोटो

(३) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपी

(४) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा

(५) भाडामा घर लिई व्यवसाय संचालन गरेको भए घरधनीसँग सम्झौता गरेको कागजातको प्रतिलिपी

(६) उद्योगको हकमा सधियारको मञ्जुरीनामा ।

(७) जग्गाधनीपूर्जा नभएमा वडा कार्यालयको सिफारिस पत्र ।

(८) साझेदारी व्यवसाय गर्ने हकमा साझेदारी सम्झौता पत्र समावेश गर्नुपर्नेछ ।

**७. प्रमाण-पत्र सम्बन्धी व्यवस्था :** दफा-६ मा उल्लेखित कागजातहरु प्राप्त भएपछि तोकिएको दस्तुर लिई कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा व्यवसाय दर्ताको प्रमाणपत्र दिनेछ ।

**८. व्यवसाय नविकरण सम्बन्धी व्यवस्था :**

(१) प्रत्येक आर्थिक बर्ष समान्त भएको मितिले ३ महिना (असोज मसान्त) भित्र आफ्नो व्यवसाय अनिवार्य रुपमा सम्बन्धित वडा कार्यालयबाट नविकरण गरिसक्नु पर्नेछ ।

(२) नविकरणका लागि आवश्यक कागजात:

(क) अनुसूची-३ बमोजिमको निवेदन

(ख) व्यवसाय दर्ताको सक्कल प्रमाण-पत्र

(ग) अघिल्लो आ.व.को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी

(३) तोकिएको समयमा नविकरण नभएमा उक्त व्यवसाय दर्ता खारेज हुने र पुनः विलम्ब शुल्क सहित व्यवसाय नविकरण गराउन आएमा कार्यपालिकाले निर्णय गरी दोब्बर दस्तुर लिई नविकरण गरिदिन सक्नेछ ।

**९. व्यवसाय दर्ता तथा नविकरण शुल्क र पुनरावलोकन सम्बन्धी व्यवस्था :**

(१) व्यवसाय दर्ता/नविकरण र विलम्ब शुल्क सम्बन्धी दस्तुर/शुल्क राजश्व परामर्श समितिको सिफारिसमा गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) चालु आ.व.को हकमा यस रोङ गाउँपालिकाको आर्थिक ऐन, २०७७ अनुसार हुनेछ ।

(३) आर्थिक बर्ष समाप्त भएपछि व्यवसाय दर्ता/नविकरण र विलम्ब शुल्क/दस्तुर गाउँ कार्यपालिकाले पुनरावलोकन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पुनरावलोकन गरिएको व्यवसाय दर्ता/नविकरण शुल्क सम्बन्धी जानकारी स्थानीय संचार माध्यम वा अन्य कुनै माध्यमबाट सार्वजनिक गरिनेछ ।

## परिच्छेद-३

## अनुगमन तथा कारवाही

**१०. मूल्यसूची सम्बन्धी व्यवस्था :** सम्पूर्ण व्यवायीहरुले अनिवार्य रुपमा उपभोक्ताहरुले प्रष्टसँग देख्ने गरी मूल्यसूची राख्नुपर्नेछ ।

**११. बजार अनुगमन सम्बन्धी व्यवस्था :** यस गाउँपालिका भित्र संचालन भएका व्यापार व्यवसायलाई स्वस्थ, व्यवस्थित बनाउन नियमित अनुगमन गरिनेछ । बजार अनुगमन सम्बन्धी अन्य व्यवस्था गर्न गाउँ कार्यपालिकाले बजार अनुगमन निर्देशिका जारी गर्न सक्नेछ ।

**१२. दर्ता खारेजी र व्यवसाय बन्द सम्बन्धी व्यवस्था :** देहायका कार्य गरेमा व्यवसायको दर्ता खारेजी वा व्यवसाय बन्द गर्न सक्नेछ ।

(क) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा

(ख) निषेध गरिएका सामाग्रीहरु बेचविखन गरेमा

(ग) कालोबजारी गरेमा

(घ) गुणस्तरहीन सामाग्रीहरु बेचविखन गरेमा

(ङ) म्याद नाघेका सामाग्रीहरु बेचविखन गरेमा

(च) चर्को मूल्यमा सामाग्रीहरु बेचविखन गरेमा

(छ) प्रदुषित, फोहोर सामाग्रीहरु बेचविखन गरेमा ।

**१३. कारवाही र जरिवाना सम्बन्धी व्यवस्था :**

(१) बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको जरिवाना गर्न सकिनेछ ।

| क.सं. | विवरण | जरिवाना रकम | कैफियत |
|---|---|---|---|
| (क) | मूल्यसूची नराखेमा | १०००।- | |
| (ख) | प्रमाण-पत्र नराखेमा | २०००।- | |
| (ग) | गुणस्तरहिन सामाग्रीहरु बेचविखन गरेमा | १००००।- | |
| (घ) | म्याद नाघेका सामाग्रीहरु बेचविखन गरेमा | १००००।- | |
| (ङ) | बजार मूल्य भन्दा चर्को मूल्यमा सामाग्रीहरु बेचविखन गरेमा | १००००।- | |
| (च) | प्रदुषित, फोहोर सामाग्रीहरु बेचविखन गरेमा | ५०००।- | |

(२) उपदफा (१) बमोजिम जरिवाना गरिसके पश्चात पनि कुनै व्यवसायीले आफ्नो कमजोरी सुधार नगरेको पाइएमा त्यस्ता व्यवसायीलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ ।

## परिच्छेद-४

## विविध

**१४. बाधा अड्काउ सम्बन्धी व्यवस्था :**

(१) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अवरोध हटाउन गाउँ कार्यपालिकाले आवश्यकता अनुसार व्यवस्था गर्न सक्नेछ ।

**१५. विशेष व्यवस्था :** माथि अन्यत्र जुनसुकै व्यवस्था उल्लेख गरिएको भए तापनि प्रदेश कानुन नबनुन्जेलसम्म वा गाउँपालिकाले बनाएको अर्को ऐन, कानुनले खारेज नगरेसम्म यो कार्यविधिमा भएका व्यवस्था पूर्णरुपमा सक्रिय रहनेछ ।

# अनुसूची-१

## दफा-६ सँग सम्बन्धित

श्रीमान् वडा सचिवज्यू

...... नं.वडा कार्यालय, ......................

रोङ गाउँपालिका, इलाम ।

**विषय :- व्यवसाय दर्ता गरी पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा मैले तपसिल अनुसारको व्यवसाय संचालन गर्न इच्छुक रहेकोले नियमानुसार व्यवसाय दर्ता गरिदिनु हुन अनुरोध छ ।

व्यवसायको प्रकार : ...........................................................

**संलग्न कागजातहरु :-**

१) हालसालै खिचेको २ प्रति पासपोट साइजको फोटो

२) नागरिकता प्रमाण-पत्रको प्रतिलिपी

३) व्यवसाय संचालन हुने जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी

४) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा

५) उद्योगको हकमा सधियारको मञ्जुरीनामा

**निवेदक**

नाम, थर : .......................................

ठेगाना : ..........................................

मिति : ............................

**अनुसूची-२**
व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधिको
दफा (७) सँग सम्बन्धित

**रोङ गाउँपालिका**
**....... नं. वडा कार्यालय**
**......................., इलाम**
**१ नं.प्रदेश, नेपाल**

# व्यवसाय दर्ता प्रमाण-पत्र

व्यवसाय द.नं. ................. दर्ता मिति : २०......../ / गते

इलाम जिल्ला रोङ गाउँपालिका वडा नं. ..... बस्ने श्री .......................................... लाई निजको नाममा निम्न विवरण अनुसारको व्यवसाय दर्ता गरी यो **प्रमाण-पत्र** जारी गरिएको छ।

व्यवसायको नाम : .... .... .... .... .... .... .... .... .... .... .... .... .... .... ....
व्यवसाय सञ्चालक : .... .... .... .... .... .... .... .... .... .... .... .... .... .... ....
कारोवारको विवरण : .... .... .... .... .... .... .... .... .... .... .... ....
व्यवसायीको ना.प्र.नं. : .... .... .... जारी गर्ने जिल्ला : .... .... .... जारी मिति : २०........./ /
व्यवसाय रहने स्थान : .... .... .... .... पान नं. .... .... .... ....
व्यवसाय रहेको बाटोको नाम : .... .... .... .... .... .... .... .... .... .... .... ....
व्यवसाय रहने घर/जग्गाधनीको नाम : .... .... .... .... .... .... .... .... .... .... .... ....
व्यवसायको प्रकार : .... .... .... .... .... .... .... .... .... .... .... .... .... .... .... ....
पूँजी लगानी (रु.मा) : स्थिर .... .... .... .... चालु .... .... .... .... जम्मा .... .... .... ....
व्यवसाय कारोवारहरु : .... .... .... .... .... .... .... .... .... .... .... .... .... .... .... ....
विद्युत खपत : .... .... .... .... .... .... .... ....

| ............ | ................ | ................ |
|---|---|---|
| संचालक | तयार गर्ने | जारी गर्ने |

**पालना गर्नुपर्ने शर्त-**

१) व्यबसायीले प्रत्येक आर्थिक वर्षको लागि तोकिएको व्यबसाय कर उक्त आ.व.को आषाढ महिनाभित्र बुझाई प्रमाणपत्र नवीकरण गर्नुपर्नेछ । गाउँपालिकाबाट स्थलगत रुपमा व्यवसाय कर टोली खटाइएको अवस्थामा व्यवसायीको कार्यस्थलमै व्यवसाय प्रमाण-पत्र नविकरण गर्न सकिनेछ।
२) व्यवसाय गरिआएको स्थान परिवर्तन गर्नु परेमा सम्बन्धित वडा कार्यालयको पूर्व स्वीकृति लिनुपर्नेछ।
३) व्यवसाय बन्द गर्नु परेमा व्यवसायीले सम्बन्धित वडा कार्यालयमा कर एकाईबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रुपमा लिनुपर्नेछ। अन्यथा व्यवसाय चालु नै रहेको मानी सालवसाली रुपमा कर लाग्नेछ।
४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राख्नु पर्नेछ । यस्तो प्रमाणपत्र सम्बन्धित निकायले हेर्न चाहेको बखतमा तुरुन्त देखाउनु पर्नेछ।
५) व्यवसायिक गतिविधि सञ्चालन गर्दा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन । यदि सो गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ।
६) व्यवसायबाट उत्पादन हुने फोहोरमैला उचित व्यवस्थापन गर्ने दायित्व व्यवसायी स्वयंको हुनेछ।
७) व्यवसाय सञ्चालनको सिलसिलामा गाउँपालिका तथा वडा कार्यालयबाट समय-समयमा दिने निर्देशनको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ।
८) उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँपालिका वा सम्बन्धित वडा कार्यालयले जनुसुकै बखत यो प्रमाण-पत्र रद्द गरी व्यवसाय बन्दको कारवाही समेत गर्न सक्नेछ।
९) यो प्रमाण-पत्र गाउँपालिकाको स्थानीय कर प्रयोजनको लागि जारी गरिएको हो । सम्पत्ति शुद्धिकरण ऐन तथा अपराधिक कार्यमा लगानी नियन्त्रण सम्बन्धी कानुन वा सो अन्तर्गत बनेका नियम, निर्देशन, आदेश वा सम्बन्धित निकायको नियमन, निर्देशन र सुपरिवेक्षण पालना गर्नुपर्नेछ।
१०) यो फर्मको साइनबोर्ड ठूलो नेपाली अक्षरमा लेखी त्यसको मुनितिर सुविधाको निम्ति मात्र सानो अंग्रेजी अक्षरमा लेख्नु पर्दछ। साथै यस फर्मले अनिवार्य रुपमा आफ्नो व्यवसाय सञ्चालन गरेको सबैले स्पष्ट देख्ने गरि मूल्यसूची राख्नुपर्नेछ।

## नविकरण विवरण

| नविकरण मिति | नविकरण वहाल अवधि | नविकरणको रसिद नं. र मिति | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची-३

## दफा-८ सँग सम्बन्धित

श्रीमान् वडा सचिवज्यू

...... नं.वडा कार्यालय, ......................

रोङ गाउँपालिका, इलाम ।

**विषय :- व्यवसाय नविकरण गरी पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयमा मेरो नाउमा दर्ता कायम भएको व्यवसाय नविकरण गरिदिनु हुन अनुरोध छ ।

**निवेदक**

नाम, थर : .......................................

ठेगाना : .........................................

मिति : ............................